नेपाल सरकार
सामान्य प्रशासन मन्त्रालय
(कर्मचारी प्रशासन शाखा- राजपत्राङ्कित)

पत्र संख्या:-क.प्र.रा.प.(विविध)०७४/७५
चलानी संख्या:

मिति २०७४/५/१७

## प्रेश विज्ञप्ति

सामान्य प्रशासन मन्त्रालयबाट हालसालै गरिएका सरुवा एवं काजका निर्णयका सन्दर्भमा केही पत्रपत्रिका एवं अनलाईनहरूमा सम्प्रेषित असान्दर्भिक, कपोकल्पित एवं भ्रामक समाचार प्रति यस मन्त्रालयको गम्भिर ध्यानाकर्षण भएको छ । निजामती सेवा ऐन , नियमावली एवं अन्य कानून बमोजिम नियमित प्रक्रिया अन्तर्गत कर्मचारी सरुवा एवं काज खटाईने विषय यस मन्त्रालयको नियमित कार्य नै हो । मुलुकका ६ वटा प्रदेशका स्थानीय तहहरुमा निर्वाचन सम्पन्न भईसकेकाले निर्वाचित पदाधिकारीहरूलाई सहयोग गरी संघीयता कार्यान्वयन गर्न एवं माननीय सामान्य प्रशासन मन्त्रीज्यूद्वारा हालसालै जारी प्रतिवद्धता कार्यान्वयन गर्ने उदेश्यले केही कर्मचारीहरूलाई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा खटाईएको हो । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा खटाईएका कर्मचारीहरू संघीयता कार्यान्वयको अन्तरिम व्यवस्थापनका लागि खटाईएको हो । यसले पछि हुने कर्मचारी समायोजनमा कुनै असर पर्ने छैन। अझै पनि स्थानीय तहमा कर्मचारी अपुग नै रहेको छ, तसर्थ भविष्यमा पनि सामान्य प्रशासन मन्त्रालय निजामती कर्मचारीहरूलाई स्थानीय तहमा पठाउन दृढ रहेको छ । सामान्य प्रशासन मन्त्रालय सुशासनको मर्म अनुरूप पारदर्शि ढंगले कार्य संचालन गर्न प्रतिवद्ध रहेको व्यहोरा प्रष्ट पार्दै राज्यको चौथो अङ्गको रुपमा रहेको संचार जगतले पनि निजामती कर्मचारीहरूलाई स्थानीय तहमा पठाउने विषयलाई संघीयता कार्यान्वयनको रुपमा लिनुहुन र उप्रान्त मन्त्रालयसंग सत्य तथ्य बुझेर मात्र समाचार सम्प्रेषण गर्नुहुन मन्त्रालय हार्दिक अपिल गर्दछ ।